# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## त्रिवेणी गाउँपालिका
## सल्यान




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


प्रदेश लेखापरीक्षण महानिर्देशनालय
( कर्णाली प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. : १३३ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ४५ लाख ३० हजार बेरुजू देखिएको छ। प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९३ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८६ लाख ३१ हजार, नियमित गर्नुपर्ने रू.४६ लाख १६ हजार र पेश्की रू.१९ लाख १६ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको रु.४ करोड ४१ लाख ११ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ७६ लाख ४१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( शंकर प्रसाद पन्थी )
नायब महालेखापरीक्षक

त्रिवेणी गाउँपालिका
सल्यान

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २७ | २५ | ३४५३० | ० | ० | ० | २७ | २५ | ३४५३० | ९३६७ | ४६१६ | १८६३१ | ० | ० | २३२४७ | १९१६ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| त्रिवेणी गाउँपालिका सल्यान | ४३१११ | ० | ० | ४३१११ | ० | ३४५३० | ७७६४१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, सल्यान , त्रिबेणी गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | basundhara pun | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santosh sapkota | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३४,५२९,९७५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,६७,११,४८८.९६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,०४,३६,७६७ | **चालु खर्च** | २७,४४,५६,०४१.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९७,५७,६१८ | **पूँजीगत खर्च** | ८,७९,१५,४३७ |
| **राजश्व बाँडफाँट** | ५,१७,१६,६४२.१५ | **वित्तीय/अन्य व्यवस्था** | २,८४,४४,२९० |
| **आन्तरिक आय** | ६१,१०,४५९.४६ | | |
| **अन्य आय** | ७,०३,६८,७८५ | | |
| **कुल आय** | ४२,८३,९०,२७१.६१ | **कुल खर्च** | ३९,०८,१५,७६८.३ |
| **बाँकी मौज्दात** | | ५,४२,८५,९९१.५८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ११९.११वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार ६२४ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानिय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजना समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | 16711488.96 | १ | **चालु खर्च** | 274456041.3 | 362371478.3 |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | 87915437 | |
| | ख) बैंक | 16711488.96 | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | 57827101.61 | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | 6110459.46 | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | 51716642.15 | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | 280436767 | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | 79800000 | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 183233529 | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | 8900857 | | ५ | **धरौटी फिर्ता** | 1811377 | 1811377 |
| | घ) विशेष अनुदान | 8502381 | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | 19757618 | ७ | **कोष फिर्ता** | | |
| | क) वित्तिय समानीकरण अनुदान | 9988000 | | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | 3362263 | | | क) बैंक मौज्दात | 51721370.58 | 51721370.58 |
| | ग) समपुरक अनुदान | 3554486 | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | 2852869 | | ९ | **शसर्त अनुदान फिर्ता** | 26636913.68 | 26636913.68 |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **गत बर्षको बढी अल्या** | | |
| | क) सामाजिक सुरक्षा | 37365856 | 37365856 | | | | |
| | ख) स्थानीय पूर्वाधार साझेदारी | 2204991 | 2204991 | | | | |
| | ग) गरीबसँग विश्वेस्वर कार्यक्रम | 546000 | 546000 | 11 | **जनश्रमदान मौज्दात** | | |
| | घ) बैंक खाता छोरीको कार्यक्रम | 594500 | 594500 | 12 | **धरौट मौज्दात** | 2564621 | 2564621 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ङ) सामाजिक विकास मन्त्रालय</td><td>1586072</td><td>1586072</td><td>13</td><td>कोष खाताको मौज्दात</td><td></td><td></td></tr>
<tr><td></td><td>च) मुख्यमन्त्रि रोजगार कार्यक्रम</td><td>23699368</td><td>23699368</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>विभिन्न कोषतर्फको आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>4375998</td><td>4375998</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>445105760.6</td><td></td><td>जम्मा</td><td></td><td>445105760.6</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>बैक हिसाब मिलान<br>स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ ।<br>• पालिकाले बैक समायोजन हिसाबर्का विवरण तयार गरी पेश गरेको छैन यसबाट बैंक मौज्दात र बैक नगदी किताब विचको मौज्दात बारे एकिन गर्न सकिएन ।<br>• गत वर्षको शुरु जिम्मेवारी रु. १९२०१३६३.०१ सार्नुपर्नेमा रु. २१०८७४८७९.९६ बढि सारेकोले रु.१८ लाख ८६ हजार १२३ बढि सारेको छ । सो को कारण पेश भएन ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा निम्नानुसार देखियोः<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरे नगरेको<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | सूचना प्रविधी पद्दतिः<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो भएको<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । | |
| ४.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखियोः<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको । | |
| ४.४ | | | भ्रमण तथा भ्रमण खर्चको अभिलेखः  म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको  म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको  म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको | |
| ४.५ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखियो ।<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत राखेको छ ।<br>• म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको छ ।<br>• म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत राखेको छ ।<br>• म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन राखेको छ ।<br>• म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको छैन । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री करुणा खड्काले २०७७।०३।१० गते रु.44 करोड ३0 लाख 9 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५.२ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था भए पनि पालिकाले सो अनुसार गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**:-स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४१६६४५४० | २९८४३१३०७५ | | १०.०६ |
| २ | पूर्वाधार विकास | १३४०७८००० | ५३६३०९२२ | | १८.०९५ |
| ३ | सामाजिक विकास | १७७६४५१७५ | १४६६११९३२.२२ | | ४९.४७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३८०५००० | २३४९६९३ | | ०.७९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७९०३३२१० | ६३९४०१४३.३४ | | २१.५७ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.४७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.७९ प्रतिशत रहेको छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **राजस्व बाँडफाँड**<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जनकर लगायतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशत ले हुने रकम स्थानीय तहले स्थानीय सञ्चितकोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले दहत्तर बहत्तरमा सकंलित बाडफाड गर्नुपर्ने विभाज्यकोषको रु ६०३२८०/- आन्तरिक आम्दानी सकलन गरेकोमा सोको ४० प्रतिशतले हुन आउने रु २४१३१२/- पालिकाको सञ्चित कोषमा नै रहेकोले प्रदेश सञ्चित कोषमा दाखिला गरि सो को प्रमाण पेश गर्नुपेर्ने रु | २४१,३१२ |
| ७ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरी मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ८ | | | **वित्तीय विवरण परीक्षण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>चालुगत खर्च</td><td>२१२२५०</td><td>४२०६५</td><td>५०५४०</td><td>११९६४५</td><td>६१८३४</td></tr>
<tr><td>पूँजिगत खर्च</td><td>८३५२४</td><td>०</td><td>२२४२०</td><td>६११०४</td><td>९६८१</td></tr>
<tr><td>जम्मा</td><td>२९६३७५</td><td>४२०६५</td><td>७२९६०</td><td>१८१३५०</td><td>७१५१५</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१४.१९</td><td>२४.६१</td><td>६१.१८</td><td>२४.१२</td></tr>
</table>
पालिकाको बार्षिक रु.२९६३७५ खर्च भएकोमा प्रथम चौमासिकमा १४.१९ प्रतिशत, दोश्रो चौमासिकमा २४.६१ प्रतिशत र तेश्रो चौमासिकमा ६१.१८प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा मात्र रु.७१५१५ हजार अर्थात २४.१२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको छैन ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ३ वटा नियमावली, १८ कार्यविधि लगायत ३६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।साथै पालिकाले ३६ वटा कानूनहरु निर्माण गरेपनि सबै ऐन कार्यान्वयनमा आएको छैन। | |
| ९.२ | | | **न्यायीक समितिः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको 38 गरी कुल 42 विवाद दर्ता भएको मा 29 वटा मात्र फछ्र्यौट भई 13 बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १० | | | **पदाधिकारी सुविधा** | |
| १०.१ | | | कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धि ऐन 2077 को दफा 3 को अनुसुची 1 र 2 वमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुट्टै अनुगमन खर्च पाउने नदेखिएको र सरकारी कर्मचारी पदाधिकारीले आफु कार्यरत मातहतका निकायहरु र कार्यक्रमहरुको अनुगमन गरे वापत अनुगमन भत्ताको व्यवस्था नरहेकोमा कर्मचारी तथा पदाधिकारीहरुलाई ऐन विपरित अनुगमन भत्ता खर्च लेखेको रु. | ५०,००० |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष आन्तरिक आय रु.५७८२७१०१।०० रहेकोमा खाना तथा विविध तर्फ मात्र रु.2027274.00 अर्थात ३.५० प्रतिशत खर्च गरेको छ। यस्तो खर्च नियन्त्रण गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ११.१ | | | निजामती सेवा ऐन 2049 कोदफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ५४,४२,१७१.२० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखि रु.४९५२५४८.०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको स.ई. 1 तथा अ.स.ई.2 गरि २ पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१०८८४६०।०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | १,०८८,४६० |
| ११.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार रस्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुखप्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुखप्रशाकीय अधिकृत सहित १९ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, लेखा अधिकृत, प्रशासन सहायक पाँचौ, सव इन्जिनयर, कम्प्युटर अपरेटर, अ.सव इन्जिनियर सहित ११ पदहरु रिक्तरहेका छन्।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असरपरेको स्थिति छ।तसर्थ रिक्त पदहरु यथा शक्य छिटो पूर्ति गरी सेवाप्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| ११.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागिता मूलक, उत्पादन मूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ।सभाबाट स्वीकृत बार्षिक गाउँविकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृतगरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.५</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा खटि गएको अवस्थामा मात्र भ्रमण खर्च पाउने व्यवस्था छ । कार्यालयका कर्मचारीहरुले कार्यालयमा हाजिर भएको तथा विदा जनाइएको अवधिमा समेत नियम विपरित भ्रमण खर्च भुक्तानी गरेको रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>कर्मचारीको नाम</th><th>भ्रमण अवधि</th><th>विवरण</th><th>भ्रमण खर्च</th></tr>
<tr><td>85-077/9/13</td><td>लक्ष्मी चन्द</td><td>7/24 देखि 7/28</td><td>विदा जनाइएको</td><td>7800।-</td></tr>
<tr><td>135-077/10/20</td><td>शिवराज गोसाई</td><td>5/26 देखि 5/31</td><td>विदा जनाइएको</td><td>10000।-</td></tr>
<tr><td>173-077/12/8</td><td>डम्बर घर्ती</td><td>10/24 देखि 10/26</td><td>हाजिर भएको</td><td>3250।-</td></tr>
<tr><td rowspan="2">178-077/12/11</td><td rowspan="2">विमला वुढा</td><td>10/25 देखि 10/27 र</td><td rowspan="2">हाजिर भएको</td><td rowspan="2">4500।-</td></tr>
<tr><td>11/12 देखि 11/14</td></tr>
<tr><td>224-078/2/26</td><td>राजेश खड्का</td><td>11/16 देखि 11/21 र 1/5 देखि 1/10</td><td>हाजिर भएको</td><td>14400।-</td></tr>
<tr><td>225-078/2/26</td><td>भिष्म रेउले</td><td>2/2 देखि 2/4 र 2/27 देखि 2/30</td><td>हाजिर भएको</td><td>5500।-</td></tr>
<tr><td>220-078/2/25</td><td>हेमराज गिरी</td><td>1/25 देखि 1/28 र 1/16 देखि 1/19</td><td>हाजिर भएको</td><td>6500।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>51950।-</td></tr>
</table>
</td><td>१६१,९५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **विल भरपाई वेगर खर्च**<br><br>:<br>आर्थिक कार्यविधि तथा वितिय उतरदायी नियमवली २०७७ को नियम 51 (1) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई राखी रित पुगे वा नपुगेको जाँच गरी प्रत्येक कारोवारको विवरण स्पष्ट देखिने गरी राख्नुपर्ने व्यवस्था छ । तल उल्लेखित ब्यहोराको सम्बन्धमा खर्च लेख्दा विल भरपाई र कागजात वेगर खर्च लेखेकोले नामप्रमाण पेश गर्नुपर्ने रु | १२,७०० |

| **गो.भौ./ मिति** | **नाम** | **व्यहोरा** | **रकम** |
|---|---|---|---|
| 8/2077/6/7 | तुलसीराम डाँगी | सचांर खर्च | 1000 |
| 8/2077/6/7 | छविलाल बुढाथोकी | अनुगमन खर्च | 2700 |
| 18/2077/9/13 | प्रभात कुमार श्रेष्ठ | कोरोना व्यवस्थापन खर्च | 9000 |
| जम्मा | | | 12700/- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>गत वर्षको भुक्तानी<br>आर्थिक कार्यविधि तथा वितिय उतरदायी नियमावली 2077 बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । तर विशेष कारण एंव परिस्थितिबस नपुग रकम आगामी वर्षमा भुक्तानी दिनु परेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई भुक्तानी दिन सकिने व्यवस्था छ ।पालिकाले निम्न भौचरबाट भुक्तानी दिन बाँकीको कचावारी प्रमाणित नगराई यस वर्ष भुक्तानी दिएकोले अनियमित भएको रु
<table>
<tr><th>सि.न</th><th>गो.भौ नं / मिति</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२/२०७७/६/७</td><td>वडा नं ४ कोरेन्टाईन खर्च</td><td>१३४६६६</td></tr>
<tr><td>२</td><td>३/२०७७/६/७</td><td>वडा नं ३ कोरेन्टाईन खर्च</td><td>१९८०७४</td></tr>
<tr><td>३</td><td>४/२०७७/६/७</td><td>वडा नं ५ कोरेन्टाईन खर्च</td><td>२८५९१</td></tr>
<tr><td>४</td><td>७/२०७७/६/७</td><td>प्रभात कुमार श्रेष्ठलाई कोरेन्टाईन खर्च</td><td>४२६६१२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७८७९४३</td></tr>
</table>
</td><td>७८७,९४३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **पारीश्रमिक करकट्टीः**<br>स्थानिय निकाय कोभिड १९ रोकथाम तथा उपचार कार्यक्रम निर्देशिकामा उल्लेख भए बमोजिम क्यारेन्टाईन सञ्चालनमा सहभागी देहायका स्वास्थ्यकर्मी स्वंमसेवक र सहयोगीहरुलाई प्रोत्साहित भत्ता प्रदान गर्दा नियमानुसार कट्टा गर्नुपर्ने पारिश्रमीक कर कट्टी नगरेकोले सम्बन्धीतबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | २६,२८० |

| सि.न | नाम थर/ पद | दिन | दर | भुक्तानी रकम | करकट्टी गर्नुपर्ने |
|---|---|---|---|---|---|
| 1 | हे.अ जिवन कुमार बोहोरा | 51 | 700 | 35700 | 5355 |
| 2 | अ.हे.ब. दिपक सुनार | 36 | 700 | 25200 | 3780 |
| 3 | अ.हे.ब. तुल्सीराम डाँगी | 42 | 700 | 29400 | 4410 |
| 4 | अ.न.मी उमा बस्नेत | 15 | 700 | 10500 | 1575 |
| 5 | स्वंमसेवक सालिकराम बुढाथोकी | 22 | 600 | 7200 | 1080 |
| 6 | स्वंमसेवक शिव बहादुर महतारा | 5 | 600 | 3000 | 450 |
| 7 | का.स. बिनोद वि.क. | 45 | 600 | 27000 | 4050 |
| 8 | का.स. मेघराज खड्का | 12 | 600 | 7200 | 1080 |
| 9 | भान्से पुरण बहादुर बुढा | 25 | 600 | 15000 | 2250 |
| 10 | भान्से जितेन्रद्र बुढा मगर | 15 | 600 | 9000 | 1350 |
| 11 | भान्से कृष्णी बुढाथोकी | 10 | 600 | 6000 | 900 |
